# नेपालको सहकारी अभियान : विगत, वर्तमान र भविष्य

✍गोपीनाथ मैनाली
सचिव,
सहकारी तथा गरिबी निवारण मन्त्रालय

# प्रस्तुती संरचना

- पृष्ठभूमि
- विगतमा सहकारी
- वर्तमानमा सहकारी
- चौधौ योजनामा सहकारी
- सहकारीका अपेक्षित भूमिका

# आर्थिक विकासका भूमिका निर्वाहकर्ताहरु

- सरकार वा सार्वजनिक क्षेत्र (**State Actors**)
- गैर सरकारी क्षेत्रका पात्रहरु (**Non State Actors**)
  - बजार वा निजी क्षेत्र
  - सामुदायिक क्षेत्र (सहकारी)
  - गैरसरकारी संस्था र नागरिक समाज

- सार्वजनिक र निजी क्षेत्रको **Space** पूरा गर्न तेस्रो क्षेत्र (जनक्षेत्र) का रुपमा सहकारी आविस्कार भएका ।

# विभिन्न पात्रहरुको विशिष्ठता

| | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | सहकारी |
|---|---|---|---|
| शक्ति | कानुनी शक्ति | आर्थिक शक्ति | सामाजिक शक्ति |
| सेवा क्षेत्र | आम नागरिक | ग्राहक | सदस्य |
| दक्षता | न्याय | प्रतिफल | सदस्य हित |
| पहूच | अनिवार्य | ऐच्छिक | समूह चाख |
| परिचालन आधार | राजकीय दायित्व | बजार संकेत | सामाजिक चाहना |
| **सहकारीको कार्य प्रबृत्ति :** आत्मसहयोग, स्वउत्तरदायी, समानता, न्याय र ऐक्यवद्धता । | | | |

# विगतमा सहकारी

- परम्परागत रुपमा सामाजिक कार्य गर्दै आएको ।
- सहकारी प्रशासन २०1० देखि शुरु (योजना, विकास तथा कृषि मन्त्रालय अन्तर्गत विभाग स्थापना)
- पहिलो आवधिक योजनाबाट आर्थिक भूमिकाको खोजी ।
- सहकारी संस्था ऐन, २०१६
- पञ्चायती व्यवस्थामा सहकारीहरु निर्देशित रुपमा सञ्चालित
- पञ्चायतले साझालाई अर्थ राजनीतिको अभिन्न भागका रुपमा लिएको ।
- सहकारी प्रशिक्षण केन्द्र स्थापना, २०१९
- २०२० मा सहकारी वैंक स्थापना (२०२४ मा कृषि विकास बैंकमा गाभियो) ।
- २०४८ अघि ८३३ साझा संस्था रहेका ।

# विगतमा सहकारी

- सहकारी ऐन, २०४८ पछि सहकारीमा पुनर्वोधको शुरुवात ।
- २०४८ मा राष्ट्रिय सहकारी वोर्ड स्थापना
- २०५० मा राष्ट्रिय सहकारी संघको गठन ।
- २०५४ मा संघलाई आइ सी ए को सदस्यता प्राप्त ।
- २०६० मा राष्ट्रिय सहकारी वैंक लि को स्थापना ।
- २०६९ ज्येष्ठ ५ मा सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन ।
- सहकारी नीति, २०६९ ।

# बर्तमानमा सहकारी

- नेपालको संविधानमा सहकारी :
  - प्रस्तावना : ...सामाजिक विविधता ...समतामूलक समाज....समाजवादप्रति प्रतिवद्ध राष्ट्र (सहकरी यसको माध्यम)
  - निर्देशक सिद्धान्त : सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत ...समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने ५०(३))
  - राज्यका नीतिहरु :
    - सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने । (५१.(घ) .१)
    - सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने । (५१.(घ) .३)
    - संविधानका अन्य नीतिप्रवाधानसंग अन्तरसम्बन्धित रहेको ।

# बर्तमानमा सहकारी

गत आ व सम्मको अवस्था :

- सहकारी संख्या : ३४३०३ (जिल्ला ७०, विषयगत २५३, बैंक १, विषयगत केन्द्रीय संघ २०, राष्ट्रिय सकारी महासंघ १, प्रारम्भिक ३३९५८)
- सहकारी सदस्य : ६१,०२,६६५
- शेयर पूजी करिव रु ७६ अर्व
- राष्ट्रिय निक्षेपमा अंश : २० प्रतिशत (रु.२९८,६८,५०,८० हजार)
- ऋण परिचालन : रु २९२,७२,३२,९१ ह्जार
- कर्मचारी संख्या : ५६,४७५
- महिला सदस्य ५१.५ प्रतिशत छन्। महिला सञ्चालित सहकारी : ४२७३
- (राष्ट्रिय अर्थतन्त्रमा योगदान करिव ४ प्रतिशत र १० लाखले अप्रत्यक्ष रोजगारी पाएका)।

# बर्तमानमा सहकारी

करिव ६ दशकको अवधिमा प्राप्त उपलब्धि :

- गरिबी न्यूनीकरण
- सामाजिक समावेशीकरण
- उत्पादनशील रोजगारी सिर्जना
- पूजी निर्माण र परिचालन
- वित्तीय शिक्षा र मध्यस्थता
- महिला सशक्तीकरण
- सामाजिक उद्यमशीलता विकास
- स्थानीय संभावना अभ्यास

# बर्तमानमा सहकारी : सहकारी ऐन २०७४

- सहकारी संस्थाको दर्ता गर्न आवश्यक संख्या
- बचत तथा ऋण सहकारी दर्ताको मापदण्ड
- विशिष्टीकृत सहकारी संघको गठन
- सहकारी संस्थाको कार्यक्षेत्र निर्धारण, एकीकरणको व्यवस्था
- दोहोरो सदस्यता
- एकै व्यक्ति सञ्चालक र कर्मचारी बन्न नपाउने व्यवस्था
- मुख्य कारोवारको परिभाषा
- जथाभावी वचत रकम लगानीमा बन्देज
- सन्दर्भ व्याजदार
- समस्याग्रस्त सहकारी व्यवस्थापन
- छुट सुविधा र सहुलियत
- विषयगत वर्गीकरण, कर्जा सूचना केन्द्र
- संघीय संरचनामा सहकारी नियमन
- विभिन्न कोषहरुको व्यवस्था (स्थीरीकरण, प्रवर्द्धन, कर्जा सुरक्षण)।

# सहकारीका किसिम (कार्य प्रकृतिका आधारमा)

- बचत तथा ऋण सहकारी
- लघु वित्त सहकारी
- बिमा सहकारी
- कृषि सहकारी (सेवा सहकारी र उत्पादन सहकारी)
- उपभोक्ता सहकारी
- आवास सहकारी
- यातायात सहकारी
- स्वास्थ्य सेवा सहकारी
- विद्युत सहकारी
- विद्यालय सहकारी आदि ।

# सहकारी विकासमा सरकारको भूमिका

- शिक्षा
- प्रवर्द्धन
- नियमन
- प्रोत्साहन
- सहकार्य
- नीति वातावरण
- जोखिम व्यवस्थापन
- संरक्षण ।

# सहकारीको भूमिका

– सहकारी र समावेशी विकास
– सहकारी र महिला सशक्तीकरण
– सहकारी र युवा स्वरोजगार
– सहकारी मार्फत व्यावसायिक क्षमता र उद्यमशीलता विकास
– सहकारीको व्यावसायिक ढाँचाबाट गरिवी निवारण
– वचत तथा ऋृण मार्फत वित्तीय सेवा
– सहकारी र सामुहिकताबाट सामाजिक सुरक्षा
– सहकारीबाट कृषि क्षेत्रमा सशक्तीकरण आदि ।

# चौधौं योजना

- दीर्घकालीन सोच : आर्थिक समृद्धि
- लक्ष्य : मध्यम आयस्तरमा पुग्ने
- उद्देश्य : गरिबी निवारणमार्फत सामाजिक रुपान्तरण र न्याय
  - आर्थिक बृद्धि : ७ प्रतिशत बार्षिक
  - गरिबी रेखामनिका जनसंख्या : १७ प्रतिशतमा झार्ने
- लगानी : २४२४ अर्व रुपैया (सार्वजनिक क्षेत्र ४०, सहकारी ५ र निजी क्षेत्र ५५ प्रतिशत)
- वार्षिक : पहिलो बर्ष २७.२, दोस्रो ३२.६ र तेस्रो वर्ष ३९.९ प्रतिशत
- सीमान्त पजी लगानी उत्पादन अनपात : ५.२ : १

# चौधौं योजनमा सहकारी क्षेत्र विकास रणनीति

- सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।
- सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रको तथा विपन्न वर्गलाई आर्थिक सामाजिक समावेशीकरण गर्ने ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइ सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

# सहकारीले भोगिरहेका समस्या

- दीर्घकालीन योजनाको अभाव
- सहकारीको नियमन तथा कार्यमापदण्डको कार्यान्वयन
- सहकारी संघ संस्थाको व्यावसायिक उद्यमशीलता विकास
- सहकारी सम्बन्धी सचेतना, शिक्षा र तालीमको अभाव
- सीमित कार्यक्षेत्र (वचत तथा लगानी) मा मात्र संकुचित
- ग्रामीण क्षेत्रको संभावना उपयोग गर्न सकिरहेका छैनन्
- सहकारी क्षेत्र, सरकार र निजीक्षेत्रबीचको कार्यगत सहयोगको अभाव
- राज्य पुनसंरचनाको संक्रमण ।

# सहकारीको अपेक्षित भूमिका

- समुदायमा रहेको साधन स्रोतको परिचालन गरी सामाजिक रूपान्तरण
- समावेशी आर्थिक वृद्धि र समुदायको सशक्तीकरण
- सरकार उपस्थित हुननसक्ने र निजी क्षेत्र आकर्षित नहुने सामाजिक व्यवसायको मर्मअनुसार आधारभूत क्षेत्रमा वस्तु र सेवा प्रवाह
- ग्रामीण तथा स्थानीयस्तरमा जनसमुदायलाई सङ्गठित हुने वातावरण
- सहकारीको अभियान, सञ्जाल र शक्तिलाई उद्यम विकास, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा परिचालन ।

# सहकारीका अपेक्षित भावी भूमिका

- दिगो विकासको स्थानीयकरण
- जलबायु परिवर्तन अनुकूलन
- उर्जा उद्यमशीलता विकास
- सामाजिक सुरक्षा र वीमा
- आवास सहकारी
- खाद्य सम्प्रभुता र खाद्य सुरक्षा
- स्थान विशेष सेवा परिहचान र परिचालन
- कोही पछि नपरुन, कोही बालक पछिनपरोसको नया अभियान (**Complete member solution, No child left behind**)

# निष्कर्ष

- सार्वजनिक क्षेत्रको नेतृत्व, निजी क्षेत्रको क्रियाशीलता, सहकारी क्षेत्रको परिपूरण र सामुदायिक क्षेत्रको सहजीकरण अहिलेको आवश्यकता हो ।

संयमपूर्ण सहभागिताका लागि धन्यवाद